# गाउँ सभाको बैठकमा अध्यक्ष श्री सन्त बहादुर घले (तामाङ)ज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष २०७६।७७ को

# नीति तथा कार्यक्रम

सुर्यगढी गाउँपालिका

नुवाकोट जिल्ला

प्रदेश नं. ३

१० असार २०७६

गाउँपालिकाको उपाध्यक्ष एवं नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गर्दा यस गरिमामय सभाको अध्यक्षता गरिरहनुभएको सभाध्यक्ष,

गाउँसभाका सदस्यहरु, सभाका सचिव लगायत कर्मचारी मित्रहरु,

पत्रकार मित्रहरु, उपस्थित सम्पूर्ण महानुभावहरु,

स्थानीय तहहरुको विकासको अपेक्षित उद्देश्यहरु हासिल गर्न जन निर्वाचित प्रतिनिधिहरुको कुशल नेतृत्व अति नै आवश्यक भए वमोजिम नेपालको संविधान २०७२ ले स्थानिय सरकारको परिकल्पना गरे अनुसार २०७४ आषाढमा स्थानीय तहको निर्वाचन सम्पन्न भए पश्चात जनताको जनमतले हामी निर्वाचित भई यस सुर्यगढी गाउँपालिकाको नेतृत्व समालेका छौं ।
करिव २ वर्षको यस कार्यकाल सम्म आइपुग्दा हामिलाई गाउँपालिकाको विकास निर्माणमा सहयोग गर्ने राजनीतिक दल, कर्मचारी प्रशासन, नागरिक समाज, निजि क्षेत्र, गैर सरकारी संस्था, सञ्चारकर्मी तथा आम जनसमुदायको रचनात्मक एवं सिर्जनात्मक सहयोगका लागि म सवै प्रति हार्दिक कृतज्ञता प्रकट गर्दै आगामी दिनमा समेत हामी जनप्रतिनिधीलाई यस्तै निरन्तर सहयोगको अपेक्षा गर्दछु ।

संस्थागत सुशासन तर्फ भने हाम्रो गाउँपालिकाले उल्लेख्य मात्रमा सुधार गर्न हामि सफल भएका छौं । आर्थिक सदाचार कायम गरि चुहावट नियन्त्रण गर्न हामी सबैको महत्वपूर्ण योगदान रहेको छ । सामाजिक सुरक्षा भत्ता बैंकिग प्रणाली मार्फत वितरण गर्ने व्यवस्था, योजना सञ्चालनमा प्रभावकारी अनुगमन संयन्त्र, खर्च गर्ने प्रक्रियामा मितव्ययिता आदिले आर्थिक सुशासन एवं चुहावट नियन्त्रणमा ठोस उपलब्धि हासिल गर्न सकिएको अबस्था छ भने पूर्वाधार विकासमा लगानी भए अनुसारको असाधारण उपलब्धि हुन सकेको देखिएको छैन । यसका लागि हामि सबैले योजना छनौट देखि कार्यान्वयनको चरणसम्म थप जिम्मेबार भएर अघि बढ्नुपर्ने देखिएको छ ।

योजना तथा बजेट कार्यान्वयन गर्न आवश्यक न्यूनतम कर्मचारी नहुनु र अर्को तर्फ चाहिने जनशक्ति नियुक्ती गरि काम अगाडी बढाउन समेत नीतिगत अबरोधहरु खडा हुँदा कार्यसम्पादनमा स्थानीय सरकारले ठुलो सास्ती भोग्न परेको अबस्थामा कायमै छ । विविध समस्या र चुनौतीका बाबजुत स्थानीय सरकारले बिगत २ बर्षमा पर्याप्त उपलब्धिहरु हासिल गरेको छ । सार्बजनिक खर्चको प्रगति उत्साहजनक देखिएको छ ।

(तामाङ)
अध्यक्ष

चालु आ.व. ०७५।७६ मा सुर्यगढी गाउँपालिकाको करिब ९०% बजेट खर्च हुने अबस्था देखिएको छ ।

उपस्थित सम्पूर्ण महानुभावहरु,

अब म आ. व. २०७६/०७७ को नीति तथा कार्यक्रम यस सुर्यगढी गाउँपालिकाको गरिमामय गाउँसभामा पेश गर्ने अनुमती चाहन्छु,

१. सुर्यगढी गाउँपालिकाको सडक सञ्जाललाई व्यवस्थित एवं सडक मापदण्ड बमोजिम गराउन गाउँपालिकाको सडक सञ्जाल गुरुयोजना तर्जुमा गरी सोहि बमोजिम कार्यान्वयन गरिनेछ । गाउँपालिकाका ५ वटा वडा कार्यालय र वडा क्षेत्रका बस्तीहरु देखि गाउँपालिकाको केन्द्रसम्म विस्तार भएका तथा हुने मूख्य मूख्य सडकलाई ग्राबेल गर्ने र जिल्ला सदरमुकामबाट गाउँपालिका जोड्ने नुवाकोट उर्लेनी सडकलाई कालोपत्रे गर्ने तथा ग्रेडिङ अनुसार ढलान समेत गरी उक्त मूल सडकलाई पक्की सडकमा परिणत गर्ने नीती लिईएको छ । यसको लागि आवश्यकता अनुसार प्रदेश सरकार र सघिंय सरकारसँग समन्वय समेत गरिनेछ ।

२. प्रत्येक वडामा कुनैपनि समयमा हुनसक्ने दुर्घटनालाई मध्य नजर गरि उपयुक्त स्थानमा बाहैं महिना सञ्चालनमा आउन सक्ने हेलिप्याड निर्माण गरिनेछ ।

३. स्वच्छ खानेपानीमा नागरिकको पहुँच अभिबृद्धि गरिनेछ । खानेपानी सेवा लक्षित समुदायलाई हस्तान्तरण गरिने विविध योजना तथा कार्यक्रम मार्फत हाम्रो गाउँपालिकामा यस आर्थिक वर्षलाई खानेपानी वर्षको रुपमा लिईएको छ । स्थानीय मुल संरक्षण गरि उक्त पानीको मूललाई सामुदायिक अवधारणा राखि प्रत्येक घरमा मिटर जडान गरि खानेपानीको सदुपयोग गरी दुरुपयोग हुन नदिने व्यवस्था गरिने छ । त्यसको लागि एक घर एक धाराको लक्ष्य लिईएको छ । क्षेत्रीय महत्वको ड्वाँचे खानेपानी आयोजना तथा अन्य खानेपानी आयोजनाहरुलाई समुदायमै हस्तान्तरण गरि व्यक्तिगत उत्तरदायित्व समेत बहन हुने गरी कार्यान्वयनमा ल्याईनेछ ।

४. गाउँपालिकाको आन्तरिक आय बृद्धि गर्न गाउँपालिका भित्र रहेका सार्वजनिक जग्गा, जमिन एवं अन्य सार्वजनिक सम्पत्तिलाई प्रचलित कानून प्रतिकुल नहुनेगरी सम्झौताका आधारमा भाडामा लिने/दिने ब्यबस्था गरिने छ । यस क्षेत्रको आन्तिरिक साधन स्रोतको पहिचान गरिनेछ । वातावरणिय प्रभाव मूल्याङ्कन गरी क्रसर खोल्ने, बालुवा, गिटी, ढुङ्गा, चुन ढुङ्गा लगायत उद्योग सञ्चालनलाई प्रोत्साहन गरी गाउँपालिकाको आय स्रोतको क्षेत्र विस्तार गरिनेछ । राजस्वको दर भन्दा दायरामा जोड दिई आन्तरिक आय अभिबृद्धि गर्ने नीती लिईनेछ । राजस्व परिचालन तथा राजस्व चुहावट नियन्त्रणम जोड दिइनेछ ।

बहादुर घले (तामाङ)
अध्यक्ष

५. गाउँपालिकाभित्र जनचेतनामूलक एवं जनउपयोगि सूचना तथा जानकारीहरुको प्रभावकारी सञ्चार मार्फत सार्वजनिक हित अभिबृद्धि गर्ने एवं स्थानीय सरकारको गतिविधि तथा सेवा प्रवाहसम्बन्धि जानकारीहरु सार्वजनिक गरी सुशासन एवं पारदर्शिता प्रर्वद्धन गर्न गाउँपालिकामा एउटा सामुदायिक रेडियो सेवा सञ्चालन गर्ने नीति लिईएको छ ।

६. गाउँपालिकामा उद्यमशिलता प्रवर्द्धन गर्ने एवं दक्ष जनशक्ति उत्पादन गर्नको लागि गाउँपलिका भित्र सञ्चालन हुने सिपमूलक एवं तलिम कार्यक्रमहरुलाई एक द्वार प्रणाली मार्फत सञ्चालन गर्न आवश्यक संस्थागत संरचना एवं पूर्वाधार तयार गरि कार्यान्वयन गरिने छ । सुर्यगढी गाउँपालिका वडा नं. १ देखि ५ सम्म अति बिपन्न, असहाय, गरिब, पिछडिएको वर्ग, बिहान बेलुका खान नपुग्ने घर परिवारको पहिचान गरि प्रत्येक वडा बाट ५०-५० जनाको संख्यामा छनौट गरि आबस्यक सिप मुलक कार्यक्रम संचालन गरि आय आर्जनको वृद्धि गर्ने नीति लिईएको छ ।

७. सुर्यगढी गाउँपालिका भित्र रहेका अधिकाशं बिजुलीको काठको पोलले दुर्घटनाको जोखिम निम्त्याउने भएकोले नेपाल विद्युत प्राधिकरण सँग समन्वय गरि आगामि वर्ष भित्र काठको पोललाई फलामे पोलले विस्थापित गर्ने नीति लिईएको छ ।

८. हाम्रो समाजमा प्रचलनमा रहेका धार्मिक, सांस्कृतिक एवं सामाजिक कार्यहरुमा अनावश्यक तडक भडक नियन्त्रण गरि खर्चिलो हुन नदिन एवं मितव्ययिता कायम गर्न सबै जाती, समुदाय एवं सम्प्रदायलाई समेट्ने गरि सामाजिक कार्य व्यवहार सम्बन्धि मापदण्ड तयार गरि लागु गरिनेछ ।

९. यस गाउँपालिकाको शैक्षिक गुणस्तर सुधारका लागि बिद्यालयमा अध्यापन गराउने शिक्षकको तालिम व्यवस्था, बिद्ययालयको पहुँचबाट बाहिर रहेका १४ बर्ष मुनिका बालबालिकालाई बिद्यालय भर्ना गराई प्रा.बि. तह कक्षा एक बाटै अंग्रेजी माध्यमबाट पठनपाठन गर्ने नीति लाई निरन्तरता दिईएको छ । लिईएको छ ।

१०. सुर्यगढी गाउँपालिकाको वडा नं १ मा हालसम्म मा.वि स्तरीय कक्षा सञ्चालन हुन नसकेकोले शैक्षिक शत्र २०७६ देखि मा.वि. सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाईने छ ।

११. यस गाउँपालिकाले सामुदायिक विद्यालयलाई दिँदै आएको विद्यालय सञ्चालन एवं प्रशासनिक खर्च अनुदानलाई पुनरावलोकन गरि निरन्तरता दिईनेछ ।

सुर्यगढी गाउँपालिका नुवाकोट २०७३

सन्त बहादुर घले (तामाङ)
अध्यक्ष

१२. गाउँपालिका भित्रको विद्यालयमा सञ्चलित दिवा खाजा कार्यक्रममा विद्यार्थीहरुको स्वास्थ्यमा प्रतिकुल असर नपर्ने गरी बिस्कुट, चाउचाउ जस्ता जंक फुडको असन्तुलित उपयोगलाई दुरुत्साहन गरि सन्तुलित आहार सुनिश्चित हुने स्थानीय खाद्य उत्पादन जस्तै मकै, कोदो, फापर, आलु जस्ता खाद्य बस्तुको उपभोग हुने व्यवस्था मिलाईनेछ ।

१३. सुर्यगढी गाउँपालिका भित्र हालसम्म पनि कम्प्युटर, प्रिन्टर तथा फोटोकपि मेशिन जस्ता विद्यालयको दैनिक प्रशासन सञ्चालन गर्न आधारभूत सामग्रिहरु अभाव रहेका विद्यालयहरुको पहिचान गरि आवश्यक प्रबन्ध मिलाईनेछ ।

१४. यस गाउँपालिका भित्र सामान्य कानूनको ज्ञान एवं व्यक्तिगत, सामाजिक एवं सार्वजनिक व्यवहारलाई नियमित गर्न प्रचलित कानूनको साधारण ज्ञानको अभावमा विविध कठिनाईको सामना गर्न परेकोले ऐन, कानूनबारे जनचेतना फैलाउनको लागि न्यायिक समितिको अगुवाईमा अभिमूखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१५. ज्येष्ठ नागरिकहरुलाई घर घरमा त्रैमासिक रुपले गाउँपालिका भित्रका स्थास्थ्य चौकिहरुमार्फत सामान्य स्वास्थ्य परिक्षणको व्यवस्था मिलाईनेछ । साथै गत आ.व. देखि सञ्चालनमा आएको ज्येष्ठ नागरिक बार्षिक चाडपर्व खर्चको ब्यबस्था गरिएको छ ।

१६. गाउँपालिका भित्रका सबै मा.वि. तथा नि.मा.वि. हरुमा विद्युतिय हाजिरी प्रणालीको जडान गरिएकोमा यस आ.व.मा प्रत्येक विद्यालय तथा स्वास्थ्य चौकिहरुमा विद्युतिय हाजिरी प्रणालीको जडान गरिने छ । साथै उक्त प्रणालीको प्रभावकारि रुपले कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

१७. गाउँपालिका क्षेत्र भित्र प्रवेश गर्ने मूल मार्गहरुमा सिमा प्रवेशद्धवार निर्माण गरि भौगोलिक सिमाकंनलाई थप व्यवस्थित गरिनेछ ।

१८. सार्वजनिक जवाफदेहिता एवं पारदर्शिता मार्फत सुशासन प्रबर्द्धन गर्न गाउँकार्यपालिका तथा मातहतका वडा कार्यालयहरुको सेवा प्रवाह तथा निर्णयहरु सम्बन्धि जानकारीहरु स्वसक्रियताको आधारमा नियमित रुपले सार्वजनिक गर्ने व्यवस्था मिलाईनेछ ।

१९. कृषि तथा पशुपन्छीजन्य प्रमुख खाद्य बस्तुहरुको उत्पादनमा तीव्र बृद्धि गर्दै मुलुकलाई आत्मनिर्भर बनाउने नेपाल सरकारको नीति अनुरुप सुर्यगढी गाउँपालिका अन्तर्गतको बस्ती बस्तीको कृषिजन्य उत्पादनको प्रभावकारिता अध्ययन गरि सामुदायिक खेतिलाई प्रोत्साहन गर्दै विशेष कृषिजन्य उत्पादनको पकेट क्षेत्र घोषणा गरिने छ । गाउँपालिकाको चिनारी प्रबर्द्धन हुन सक्ने कृषि उत्पादनको पहिचान गरि सम्बन्धित कृषक

बहादुर घले (तामाङ)
अध्यक्ष

समुदायलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाईनेछ । साथै बिउ बैंकको अवधारणा ल्याईने छ ।

२०. सुर्यगढी ऐतिहासिक स्थललाई पर्यटकिय क्षेत्रको रुपमा विकास गर्न आवश्यक भौतिक पूर्वाधार निर्माणको लागि आवश्यक व्यवस्था गरिने छ । गाउँपालिकाले आवश्यकता अनुसार प्रदेश सरकार र सघिंय सरकारसँग समन्वय एवं सहकार्य गर्ने छ । सुर्यगढी गाउँपालिका वडा नं. ३ चोकदेमा अबस्थित तिन थुम्की निर्माण गरि बागेश्वरी मन्दिर, सुर्यगढी ऐतिहासिक स्थल अबलोकन गर्दै कराचे बाटो हुदै बोहोरे भन्ज्यांङ फटपुर चमेरो गुफा सम्मको पर्यटन रुट निर्माण गरि पर्यटन प्रबर्द्धन गर्न आवश्यक पुर्वाधारको निर्माणको नीतिलाई निरन्तरता दिईएको छ ।

२१. गाउँपालिकाको सार्वजनिक सम्पत्तिको संरक्षण, बजार अनुगमन, अब्यबस्थित यातायात सञ्चालन नियन्त्रण, फोहरमैला व्यवस्थापन तथा राजस्व संकलन लगायतका गाउँपालिकाको अन्य कार्य सञ्चालन गर्न/गराउनको लागि यसै आर्थिक वर्ष देखि नगर प्रहरीको व्यवस्था गरिने छ ।

२२. लैगिंक समानता, महिला सशक्तिकरण, लैंगिक मुलप्रवाहीकरण र महिला सहभागिता बृद्धि गर्ने नीतिलाई प्रोत्साहन गरिनेछ । महिला सँग उपाध्यक्ष कार्यक्रम मार्फत अधिकाशं महिलाहरु लाभान्वित हुने महिलाको प्रजनन स्वास्थ्य सम्बन्धि कार्यक्रमहरु कार्यान्वयन गरिने छ ।

२३. यस गाउँपालिकामा लैगिंक विभेद निरुत्साहित गर्न महिला मैत्री कार्यक्रमहरु सञ्चालन गरिने छ । बालबिबाह, बहुबिबाह, चेलीबेटी बेचबिखन विरुद्ध सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिने छ । एकल महिलालाई आत्मविश्वासी गराउन गाउँपालिकाले जिबिकोपार्जनको लागी प्याकेजको कार्यक्रम ल्याउने नीति लिईएको छ ।

२४. प्रमुख बालीहरुको उत्पादनमा आत्मनिर्भर हुने नेपाल सरकारको नीतिलाई आत्मसात गर्दै थोपा तथा कुलो सिँचाई, मलखाद, बीउ विजनको उपलब्धतामा सुधार गरिनेछ । पशुजन्य उत्पादन प्रोत्साहनका कार्यक्रमलाई प्राथमिकता साथ कार्यान्वयन गर्दै आर्थिक तथा सामाजिक रुपले पछि परेका कृषक केन्द्रित कार्यक्रमहरुलाई अझ प्रभावकारी रुपले सञ्चालन गरिनेछ । गाउँपालिका भित्र पशुपालनलाई प्रोत्साहन गर्ने उद्देश्यले गाई/भैसीं पालन गर्ने कृषकलाई प्रति कृषक प्रति वर्ष गाई पालन गर्ने कृषकलाई रु. ५,००।- (पाँच सय) र भैंसी पालन गर्ने कृषकलाई रु.१,०००।- (एक हजार) को दरले पशु सुत्केरी भत्ताको व्यवस्था गरिने छ ।

२५. वैकल्पीक उर्जा लाई प्रोत्साहन गर्दै सुर्यगढ़ी गाउँपालिकामा रहेका सबै जसो बजार क्षेत्रमा सोलारको माध्यम बाट सडक बत्तिको व्यवस्था मिलाउने नीति लिईएको छ ।

सुर्यगढी गाउँपालिका

बहादुर घले (तामाङ)
अध्यक्ष

२६. सुर्यगढी गाउँपालिकाको प्रत्येक वडा को बजार क्षेत्रमा फोहरमैला व्यवस्थापनको लागि उपयुक्त ल्याण्डफिल्ड साईडको पहिचान गरिने छ । बजारक्षेत्रमा फोहरमैला व्यवस्थापन गर्न आवश्यक व्यवस्था गरिने छ ।

२७. प्रत्येक वडाक्षेत्रमा इन्टरनेटको पहुँच पुऱ्याई यस गाउँपालिकामा सूचना प्रविधिको बिकास गर्दै लैजाने नीति लिईएको छ ।सूचना प्रबिधिको यस युगमा सूचना प्रविधिको पहुँच बालबालिका सम्म पुर्याउन यस गाउँपालिका अन्तर्गतका सामुदायिक बिध्यालयलाई इन्टरनेट पहुँचमा ल्याई बिध्यालयमा ई-लाईब्रेरी को ब्यबस्था गर्ने नीति लिईएको छ ।

२८. आर्थिक तथा वित्तिय कारोबारहरुलाई व्यबस्थित एवं अनुशासित बनाउँदै यस क्षेत्रको उच्च आर्थिक बृद्धि हासिल गर्ने नीति लिईनेछ । गाउँस्तरमा विभिन्न समुहमार्फत वचत गर्ने वानी बसाल्ने, ऋण लिएर लगानी गर्ने लगायतका कार्यमा सहजता ल्याउन स्थानीय स्तरमा कृषक समूह तथा सहकारी समुहहरु गठन गर्ने नीति लिइनेछ । वचत वृद्धि, पुँजी निर्माण, ऋण परिचालन मार्फत आम जनताको जीवनस्तरमा सुधार गर्ने तर्फ पहल गरिनेछ ।

२९. भूकम्प पश्चातको पुननिर्माण र नवनिर्माण प्रक्रियामा प्रभावकारी सहभागिता एवं सहकार्य गरी पुन निर्माण प्रक्रियालाई तिब्रता दिईनेछ ।

उपस्थित सम्पूर्ण माहानुभावहरु,

३०. कर्मचारीहरुलाई कार्यस्थलमा बसी सेवा प्रवाह गर्ने उपयुक्त वातावरण मिलाईने छ । कर्मचारीको मनोबल उच्च राख्न कार्यसम्पादन मूल्याकंन गरि सम्मान एवं पुरस्कृत गर्ने नीति लिईएको छ ।

३१. जलवायु परिवर्तनसँग सम्बन्धित क्षेत्रमा कार्य गर्ने विभिन्न निकायसँग सहकार्य गरि अगाडि बढ्ने नीति अख्तियार गरिनेछ । विपद व्यवस्थापनमा क्षमता अभिबृद्धि गरिनेछ । यस क्षेत्रको नागों डाँडामा बृक्षारोपण गरी बन क्षेत्रले ढाकेको क्षेत्र बृद्धि गरिने नीति लिईएको छ । यसको लागि यस गाउँपालिकाको माटो तथा हावा पानी सुहाउँदो बोट विरुवाको अभाव हुन नदिन गाउँपालिकामै नर्सरी को व्यवस्था गरिने नीतिलाई निरन्तरता दिईएको छ ।

३२. विकास निर्माण एवं सेवा प्रवाहमा प्रभावकारिता बृद्धि गर्न गाउँपालिका भित्र भएको सबै खाले तथ्याङ्क संकलन, विश्लेशष एवं अद्यावधिक गरी प्रतिवेदन तयार गर्न सक्ने डिजिटल भिलेज प्रोफाईल प्रणालीको व्यवस्था गरिने छ ।

सुर्यगढी गाउँपालिका
नुवाकोट
२०७३

मन बहादुर घले (तामाङ)
अध्यक्ष

३३. खेलकुद पूर्वाधार प्रवर्द्धन गरि विद्यालयस्तर देखि नै खेलकुदको माध्यमबाट स्वस्थ, अनुशासित एव व्यवसायिक खेलाडी उत्पादन गर्ने उद्धेश्यले खेलकुद गतिविधिहरु सञ्चालन गरिने छ ।

३४. आर्थिक वर्षको अन्त्यमा आएर असारे विकास गर्ने परिपाटीको अन्त्य गर्दै विकास योजनाहरु समयमै सम्पन्न गर्ने वातावरण मिलाईने छ । यस आर्थिक बर्षबाट गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रमहरु अनिवार्य रुपमा शुत्र प्रणाली मार्फत सञ्चालन गर्नुपर्ने नेपाल सरकारको नीति अनुरुप कार्यान्वयन हुने व्यवस्था मिलाईने छ । व्यक्ति विशेष भन्दा लक्षित वर्ग तथा सामुदाय लाभान्वित हुने योजनालाई प्राथमिकता दिई वस्ती स्तरबाट छनौट भई आएका सहभागितामूलक योजना सञ्चालन गरीनेछ । टुक्रे योजना नियन्त्रण गर्न २,००,०००।- (दुई लाख) घटिको योजनालाई प्राथमिकतामा नराख्ने नीति लिईएको छ ।

३५. महिला स्वास्थ्य स्वयंसेविकाको मासिक यातायात खर्च लाई निरन्तरता दिईएको छ । स्वास्थ्य चौकिहरुमार्फत ज्येष्ठ नागरिकको सामान्य स्वास्थ्य परिक्षणमा खटिने कर्मचारीहरुलाई यातायात तथा खाजा खर्चकोको व्यवस्था गरिनेछ ।

३६. अन्त्यमा यस गाउँपालिकाका बिपन्न, दलित, जनजाती, जोखिममा परेका महिला, बालबालिका, अति गरिबहरुको विकास प्रक्रियामा सम्मानजनक सहभागिता सुनिश्चित गराई विकासका प्रतिफलहरुको न्यायोचित वितरण गर्न सामाजिक परिचालन गर्ने प्रतिबद्धता दोहोऱ्याउँदै यस गाउँपालिकाको विकासमा योगदान पुऱ्याउने सबै सरोकारवालाहरुप्रति आभार प्रकट गर्दछु । आफ्नो क्षेत्रबाट महत्वपूर्ण भूमिका खेल्ने जनप्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरु, उपभोक्ता समितिहरु, श्रमिक तथा श्रमजीवि, बुद्धिजीवी, सञ्चारजगत, गैरसरकारी संस्थाहरु लगायत सम्पूर्ण सुर्यगढी बासीलाई धन्यबाद प्रकट गर्दछु ।

धन्यबाद ।

सन्त बहादुर घले (तामाङ)
अध्यक्ष